# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

समाचार

वैशाख १४, २०७९ ग्रामीण विकास लघुवित्त समाचार अप्रिल २७, २०२२

## ग्रामीण विकास लघुवित्तको प्रमुख कार्यकारी अधिकृतमा श्याम कुमार कटुवाल नियुक्त

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा श्री श्याम कुमार कटुवाल नियुक्त हुनु भएको छ । वैशाख १३ गते मंगलवार बसेको सञ्चालक समितिको बैठकले उहालाई संस्थाको प्रमुख कार्यकारी अधिकृत पदमा बैशाख १४ गते देखि लागु हुने गरी आगामी चार वर्षका लागि नियुक्त गर्ने निर्णय गरेको हो ।



यसअघि श्री कटुवाल सोही संस्थामा १ वर्ष ९ महिना कायम मुकायम प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहनु भएको थियो । अर्थशास्त्र र समाजशास्त्र विषयमा स्नातकोत्तर गर्नु भएका श्री कटुवालको बैंकिङ र लघुवित्त क्षेत्रमा करिव २८ वर्षभन्दा बढीको कार्यानुभव रहेको छ । सञ्चालक समितिले उहालाई नियुक्त गरेसँगै संस्थाले नयाँ उचाइ लिने विश्वास व्यक्त गरिएको छ ।

नव नियुक्त प्रमुख कार्यकारी अधिकृत श्री कटुवाललाई वैशाख १४ गते अर्थ मन्त्रालयमा माननिय अर्थमन्त्री श्री जनार्दन शर्मा ज्यूको उपस्थितिमा संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री धन बहादुर बरुवालले प्रमुख कार्यकारी अधिकृतको पद तथा गोपनियताको सपथ गराउनु भयो । सो अवसरमा सञ्चालक श्री शिवहरी दंगाल, श्री मनोज कुमार खडका, श्री भरतराज कोइराला र बाग्मती प्रदेश कार्यालय अन्तर्गत काठमाण्डौ उपत्यका भित्रका यस संस्थाका शाखा प्रवन्धकहरुको समेत उपस्थिति रहेको थियो ।



सो अवसरमा नव नियुक्त प्रमुख कार्यकारी अधिकृत श्री कटुवाललाई बधाई तथा शुभकामना दिए पश्चात निर्देशन दिंदै माननिय अर्थमन्त्री श्री जनार्दन शर्मा ज्यूले नेपाल सरकारको समेत स्वामित्व रहेको ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाले विपन्न वर्गका जनताको आय आर्जन वृद्धि, स्व–रोजगार सिर्जना र गरिबी न्यूनिकरणका लागि लघुवित्त क्षेत्रमा अग्रणी भूमिका खेल्नु पर्ने बतानु हुँदै यसका लागि वित्तीय स्रोतको उचित व्यवस्थापन गर्ने सोच अगाडी बढाएको विचार व्यक्त गर्नु भयो ।